घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको आठौं बैठकको निर्णयहरु

मिति २०७९।७।२२

निर्णय नं. १ :-

मिति २०७९।६।९ गते बसेको कार्यपालिकाको सातौं बैठकमा भएको निर्णयहरुको समीक्षा गरियो र कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं. २ :-

यही २०७९, आश्विन १८ गते साँझ देखि करिब एक हप्ता सम्म परेको अविरल बर्षाले यस गाउँपालिका अन्तर्गत विभिन्न वडा तथा बस्तीहरुमा क्षति पुऱ्याएकोमा यस गाउँपालिका २ नं. वडा मार्फाको फारम खोलामा बाढी आई ठुलो क्षति पुऱ्याएको । उक्त खोलामा आएको लेदो सहितको बाढीलाई तुरन्तै नियन्त्रण नभएको अवस्थामा नजिकको गाउँमा बाढी पसी ठुलो क्षति हुन सक्ने देखिएकोले उक्त बाढीलाई तुरन्तै नियन्त्रण गर्नका लागि एस्काभेटर तथा जे.सी.बी. लगाई बाढी नियन्त्रण गरिएको र उक्त काममा प्रयोग भएको एस्काभेटर तथा जे.सी.बी. को ज्याला खर्च साथै डिजल र प्राविधिकको खर्च गरी जम्मा रु.५,४३,३०० भुक्तानी दिनु पर्ने भएको हुँदा उक्त रकम विपद व्यवस्थापन कोष खातामा रहेको मौजदात रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३ :-

चालु आ.ब. को स्वीकृत ढुम्बा गाउँघर क्लिनिक मर्मत गर्ने कार्यक्रम बमोजिम मर्मत कार्य भई रहेको अवस्थामा २०७९ आश्विन १८ गते देखि परेको अविरल बर्षाका कारण उक्त भवनमा ठुलो क्षति भई मर्मत समेत हुन नसक्ने अवस्थामा पुगेको र अविरल बर्षा आउनु पूर्व उक्त भवनको मर्मत कार्य शुरु भई सकेकोले उपभोक्ता समितिले गरेको कामको प्राविधिक मूल्याङ्कन गरी भुक्तानी दिने र उक्त भवन सँगैको जमिनमा चिरा परेकोले उक्त गाउँघर क्लिनिक भवनको मर्मत कार्य नगर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :-

सैनिक उच्च शिखर शिक्षालय कैसाङ्ग व्यारेक, मुस्ताङको पत्र संख्या ८०३०।कार्या।११।०७९।८०।०७ मिति २०७९।०६।२६ को पत्रबाट कैसाङ खोला ठिनी सिंचाई निर्माण, घरपझोङ-५ आयोजनाको लागि पानीको श्रोतको मूल कैसाङ्ग व्यारेक भित्र रहेको हुँदा उक्त पानीको श्रोतलाई प्रयोग गर्नका लागि निर्माण हुने पाईपलाईन वा अन्य पूर्वाधारमा भविष्यमा व्यारेकले उक्त क्षेत्र नजिक पूर्वाधार निर्माण गर्दा कुलोलाई क्षति पुग्न गएको खण्डमा यस गाउँपालिका वा ५ नं. वडाबाट क्षतिपुर्ति

[illegible]
[illegible] दिने निर्णय गरियो ।

निर्णय नं. ५ :-
आसन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९को सन्दर्भमा मतदाता शिक्षा कार्यक्रम २०७९ बमोजिम प्रत्येक वडाहरुमा मतदाता शिक्षा समुदायस्तरमा घरदैलो कार्यक्रम सञ्चालन गर्नका लागि ५ वटै वडाहरुमा खटिएका स्वास्थ्यकर्मीहरुलाई तोकिएको पारिश्रमिक रु.१०,०००।-को दरले पारिश्रमिक उपलब्ध गराउन साथै अन्य बैठक, खाजा तथा मसलन्द खर्चको लागि गरी जम्मा रकम रु.८०,०००।- विविध खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :-
जोमसोम एयरपोर्ट पुथाङमा यस गाउँपालिकाको स्वामित्वमा रहेको कृषि उपज केन्द्रलाई बेनी-जोमसोम-कोरल्ला मोटर बाटो निर्माण गर्ने क्रममा अगाडीको भाग भत्काई पुनः निर्माण गर्दा लागेको खर्च रु.३,२८,०००।- सम्पूरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७ :-
चालु आ.ब. को स्वीकृत ज्येष्ठ नागरिक भ्रमण कार्यक्रम कार्यान्वयनका सम्बन्धमा निजहरुको स्वास्थ्यलाई समेत मध्येनजर गर्दै ५ वटै वडाहरुमा रहेका ज्येष्ठ नागरिकहरुको एउटै टोली बनाउ र ईच्छुक ज्येष्ठ नागरिकहरुको तथ्याङ्क संकलन गरी बजेटको परिधि भित्र रही पोखरा हु लुम्बिनीको भ्रमण गराउने र भ्रमण कार्यक्रम पौष महिनाको २० गते देखि शुरु गर्ने गरी भ्रमणको संयोजन स्वास्थ्य शाखाले गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ :-
जेष्ठ नागरिक जिल्ला संघ मुस्ताङले यही मिति २०७९, असोज १५ गते परेको ३२औं अन्तराष्ट्रि ज्येष्ठ नागरिक दिवशको उपलक्ष्यमा विभिन्न कार्यक्रम सञ्चालन गर्दा खर्च भएको रु.१०,००० विविध खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९ :-
विपद् व्यवस्थापन समितिको बैठकको सिरफारिस बमोजिम विपद् व्यवस्थापनको लागि सञ्चालन रहेको कोरोना व्यवस्थापन तथा नियन्त्रण, प्रकोप व्यवस्थापन कोष नाम भएको ग७.२ खातालाई विपद् व्यवस्थापन कोष खातामा परीणत गर्ने निर्ण गरियो ।

निर्णय नं १० :-

यही २०७९, आश्विन १८ गते साँझ देखि करिब एक हप्ता सम्म परेको अविरल बर्षाले
गाउँपालिका अन्तर्गत विभिन्न वडा तथा बस्तीहरुमा तपसिल बमोजिमको ठुलो क्षति पुऱ्या
प्राविधिकबाट तयार भएको लगत ईस्टिमेट र प्रभावितबाट आवश्यक कागजात उपलब्ध
पश्चात सम्बन्धित निकायमा राहत एवंम मर्मतसंभारको लागि पठाउने निर्णय गरियो ।

तपसिल :-

| सि.नं. | क्षति सम्बन्धी विवरण/मर्मचसंभार गर्नु पर्ने | क्षतिको ईस्टिमेट | कैफि |
|---|---|---|---|
| १ | फारम खोलाले खेतबारीमा पुऱ्याएको क्षति | रु.४८३२५।१५ प्रति रोपनी | |
| २ | त्री गुम्बा जोड्ने बाटो मर्मत | रु.५,३४,४६५।८२ | |

निर्णय नं ११ :-

यही २०७९, आश्विन १८ गते देखि परेको अविरल बर्षाका कारण विभिन्न ठाउँमा क्षति भई
अवस्थामा रहेको मार्फा-सफी मोटर बाटो सुचारु हुन नसक्दा उक्त बाटो हुँदै बजार सम्म पुऱ
पर्ने स्याउ बिग्रिन थालेको हुँदा बाटो तुरुन्तै मर्मत गर्नु पर्ने भएकोले विपद् व्यवस्थापन कं
रहेको मौज्दात रकमबाट रु.५,००,०००।- विनियोजन गर्ने र उक्त बाटो तुरुन्तै मर्मत गर्ने नि
गरियो । साथै मार्फा छैरो क्याम्प जोड्ने झोलुङ्गे पुल संरक्षण सम्बन्धमा प्राविधिक ल.इ.
आगामी कार्यपालिका बैठकमा पेश गर्ने समेत निर्णय गरियो ।